# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति
## बैठक संख्याः ७
## (मितिः २०८०/०५/२१)

**कार्यसूचीः**

१. सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको विदेश भ्रमण सम्बन्धमा।
२. विविध।

## छलफल तथा निर्णय

समितिको आजको बैठकमा सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको संयुक्त राज्य अमेरिका र चीनको भ्रमण, चीनले हालै जारी गरेको प्रशासनिक एवं राजनीतिक नक्सा र चिनियाँ राजदूतबाट हालै व्यक्त भएको अभिव्यक्तिका विषयमा माननीय परराष्ट्र मन्त्रीले समितिलाई जानकारी गराउनुभयो ।

बैठकमा समितिका माननीय सदस्यहरुले परराष्ट्र मन्त्रीले समितिलाई जानकारी गराउनुभएका विषयमा विभिन्न जिज्ञासा एवं सुझाव राख्नुभयो भने माननीय मन्त्रीले समितिका सदस्यहरुबाट आएका जिज्ञासाहरुको सम्बोधन गर्नुभयो ।

त्यसपछि समितिबाट देहाय बमोजिमका निर्णयहरु भए —

१. नेपालबाट औपचारिक रुपमा हुने वैदेशिक भ्रमणहरु एजेण्डा केन्द्रित, प्रभावकारी र उपलब्धिमूलक बनाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराउने।
२. नेपालको तर्फबाट हुने वैदेशिक भ्रमण, भेटघाट, सम्झौता र पत्राचारका अभिलेखहरु नियमित रुपमा अद्यावधिक गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने ।
३. नेपालको संवैधानिक व्यवस्था अनुसार परराष्ट्र नीतिको पूर्ण परिपालना गर्न गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।